# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


## न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना !

**(प्रकाशन मिति : २०८०/१०/२९ गते)**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को २०८०/१०/२८ गतेको सूचना अनुसार रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र सोको नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम आर्थिक वर्ष २०८१/०८२ मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने इच्छुक बेरोजगार व्यक्तिहरूले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अधीनमा रहेर अनुसूची-१ को ढाँचामा २०८० फागुन मसान्त भित्र तपसिलको मापदण्डमा आधारित भइ आवश्यक कागजातसहित आफू स्थायी बसोबास गरेको वडा कार्यालमा सूचीकृत हुनका लागि निवेदन दिने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड

- १८ वर्षदेखि ५९ वर्ष उमेर समूहको हुनुपर्ने,
- चालु आर्थिक वर्ष २०८०/०८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेको,
- स्वरोजगारमा संलग्न व्यक्तिको हकमा, आर्थिक वर्ष न्यूनतम १ सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको हुनुपर्ने।
- चालु आर्थिक वर्षमा रोजगार कार्यक्रममा संलग्न भएको तर १ सय दिन बराबरको रोजगार प्राप्त गर्न नसकेको,
- गत वर्ष बेरोजगार सूचिमा सूचिकृत भएकाहरूले पनि पु:न आवेदन दिनुपर्ने।

### निवेदन साथ पेश गर्नपर्ने कागजातहरु

- निवेदन सहित परिवारमा भएको सम्पूर्ण व्यक्तिहरूको नागरिकताको प्रतिलिपि र एक प्रति पासपोर्ट साइजको फोटो,
- बसाइसराइ गेरर आएको भएमा बसाइसाइ प्रमाणप्रत्रको प्रतिलिपि।

२०८०/१०/२९
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत